मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

वागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७७/७८

च.नं.:-

## सेवा करारमा स्वास्थयकर्मी पदपुर्ति सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७७/१०/१६)**

मन्थली नगरपालिका र अन्तर्गतका स्वास्थ्यसंस्थाहकरुको लागि देहाय बमोजिमका पदमा सेवा करारमा स्वास्थ्यकर्मी/कर्मचारीहरु पदपुर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय वमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन वा मिति २०७७/१०/३० गते (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोकसेवा आयोगबाट निर्धारित ढाँचामा दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं | पद | तह | संख्या (जना) | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | ११/०७७/७८ | मेडिकल अधिकृत (MDGP /Gynecologist/ASBA) | अधिकृत आठौं | १ | मन्थली प्राथमिक स्वास्थ्य केन्द्र |
| २ | १२/०७७/७८ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ | मन्थली प्राथमिक स्वास्थ्य केन्द्र |
| ३ | १३/०७७/७८ | हेल्थ असिष्टेन्ट | सहायक पाचौं | ५ | मन्थली प्रा.स्वा.केन्द्र र कठजोर, चनखु, फुलासी स्वास्थ्य चौकी |
| ४ | १४/०७७/७८ | रेडियोग्राफर | सहायक पाचौं | १ | मन्थली प्राथमिक स्वास्थ्य केन्द्र |
| ५ | १५/०७७/७८ | फार्मेसी सहायक | सहायक पाचौं | १ | मन्थली प्राथमिक स्वास्थ्य केन्द्र |
| ६ | १६/०७७/७८ | अ.हे.व | सहायक चौथो | २ | पुरानागाउँ र कठजोर स्वास्थ्य चौकी |
| ७ | १७/०७७/७८ | अ.न.मी. | सहायक चौथो | ३ | शहरी स्वास्थ्यकेन्द्र मनपा-४, ६ र १३ |

**१.आवश्यक न्यूनतम योगयता :**

- **मेडिकल अधिकृत (MDGP/Gynecologist/ASBA),अधिकृतस्तर आठौंतह**को लागि मान्यताप्राप्त शिक्षणसंस्थावाट चिकित्साशास्त्रमा MDGP उत्तीर्ण गरी वा स्त्रीरोग विषयमा स्नातकोत्तर उत्तीर्ण गरी वा MBBS उत्तीर्ण गरी मान्यताप्राप्त संस्थाबाट ASBA सम्वन्धी तालिम प्राप्त गरी मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको।
- **मेडिकल अधिकृत, अधिकृतस्तर आठौंतह**को लागि मान्यताप्राप्त शिक्षणसंस्थावाट चिकित्साशास्त्रमा MBBS उत्तीर्ण गरी मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको ।
- **हेल्थ असिष्टेन्ट, सहायकस्तर पाचौं तहको** लागि मान्यताप्राप्त शिक्षणसंस्थावाट सामान्य चिकित्सामा प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण गरी सम्वन्धित परिषदमा दर्ता/नविकरण गरेको ।
- **रेडियोग्राफर, सहायकस्तर पाचौं तहको** लागि मान्यताप्राप्त शिक्षणसंस्थावाट रेडियोग्राफीमा प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण गरी सम्वन्धित परिषदमा दर्ता/नविकरण गरेको ।

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
वागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७७/७८
च.नं.:-

- **फार्मेसी सहायक, सहायकस्तर पाचौं तहको** लागि मान्यताप्राप्त शिक्षणसंस्थावाट फार्मेसी विषयमा प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण गरी सम्वन्धित परिषदमा दर्ता/नविकरण गरेको ।
- **अ.हे.व, सहायकस्तर चौथो तहको** लागि एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरी मान्यताप्राप्त शिक्षणसंस्थाबाट १५ महिने अ.हे.व. कोर्ष उत्तीर्ण र सम्वन्धित परिषदमा दर्ता/नविकरण गरेको ।
- **अ.न.मी. सहायकस्तर चौथो तहको** लागि एस.एल.सी./एस.ई.ई.उत्तीर्ण गरी मान्यताप्राप्त शिक्षणसंस्थाबाट १५ महिने अ.न.मी. कोर्ष उत्तीर्ण र सम्वन्धित परिषदमा दर्ता/नविकरण गरेको ।

**२. सम्लग्न गर्नु पर्ने कागजातहरु:**
(क) दरखास्त फारम (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यता र सम्वन्धित काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाणपत्रहरुका प्रतिलिपि (घ) तालिमका प्रमाणपत्रका प्रतिलिपीहरु (च) अनुभवका कागजातहरु (छ) नगरपालिकामा राजश्व वुझाएको भरपाइ ।

**३. उमेर हद : दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको।**

**४.दरखास्त फारम लोकसेवा आयोगको वेभ साइट www.psc.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**५. दरखास्त दस्तुर :** मेडिकल अधिकृतको लागि रु. १०००/-, हेल्थअसिष्टेन्ट, रेडियोग्राफर र फार्मेसी असिष्टेन्टको लागि रु. ४०० र अहेव, अनमीको लागि रु. ३००- नगरपालिकाको राजश्व उपशाखामा नगदै रकम वुझाइ वा यस कार्यालयको नाममा रहेको रा.वा.वैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग.१.१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कलै भरपाइ पेश गर्नुपर्ने ।

**६. छनौटको किसिम : छोटोसूचि प्रकाशन,** प्रयोगात्मक र अन्तरवार्ता ।

**७. परीक्षा मिति :** दरखास्त दिने अन्तिम मिति पश्चात नगरपालिकाको वेभसाइटमा सूचना प्रकाशन गरिनेछ ।

**८. सेवा तथा सुविधा :** मेडिकल अधिकृतहरुको हकमा आपसी सहमतिमा निर्धारण गरिने र अन्य पदहरुको नेपाल सरकारवाट निर्धारित तलवमान बमोजिम ।

**९. करार अवधि :** २०७८ असार मसान्त सम्म (सो अवागै स्थाइ नियुक्ति भइ आएमा स्वतः समाप्त हुने) ।

**१०. प्राथमिकता :** स्थानीय, सम्वन्धित कामको अनुभव भएका, महिला, दलित, जनजातिलाई प्राथमिकता दिइनेछ ।

*थप जानकारिका लागि मन्थली नगरपालिकाको प्रशासन शाखा वा फोन नं ०४८-५४०५३२ मा सम्पर्क गर्न सकिनेछ ।*

प्रमुख प्रशाशकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत